**बैठक संख्याः २२०** **मितिः २०७७/०८/२४** **समयः दिनको १.०० बजे**

**निर्णयः**

कुनै कार्य सम्पादन गर्न पर्याप्त कानुन नभएको अवस्थामा समाज व्यवस्थामा खलल पर्न जाने वा राज्यलाई हानी नोक्सानी हुने वा हुन सक्ने अवस्था आएमा तत्काल संसदको बैठक चालु नरहेको अवस्थामा आत्यावश्यक कानुनी निकासका लागि अध्यादेशद्वारा कानुन जारी गर्ने सुविधा सरकारलाई रहन्छ । तथापि तत्कालै त्यस्तो कानुन नल्याउँदा परिस्थितिमा खासै फरक नपर्ने र अत्यावश्यक पनि नभएको सामान्य अवस्थामा संसदको बैठक सञ्चालन नभएको अवस्थाको उपयोग गरी कुनै प्रयोजन राखेर अध्यादेशद्वारा कानुन जारी गरी कार्यान्वयन गर्नु अधिकारको अवाञ्छित दुरुपयोग हुन जाने र संसदद्वारा कानुन बनाउने लोकतान्त्रिक व्यवस्थाको अवहेलना हुने भएकोले अध्यादेशबाट शासन चलाउने थोरै पनि मनसाय कतैबाट व्यक्त हुनु वा प्रचलनमा ल्याउनु लोकतन्त्रको लागि हितकर हुँदैन ।

नेपालको संविधानले व्यवस्था गरेको संघीय संरचना विपरीत उपत्यकाका तीन जिल्लालाई बागमती प्रदेशबाट अलग्याउने गरी अध्यादेशमा भएको प्रावधान र सम्बन्धित मन्त्रालयबाट प्रहरी अतिरिक्त महानिरीक्षकको पद संगठन तथा व्यवस्थापन सर्वेक्षणको प्रतिवेदन तथा प्रस्तुत प्रस्तावमा समेत समावेश नभएको अवस्थामा मुलुकको समग्र प्रहरी संगठनको सञ्चालनमा दूरगामी रुपमा प्रतिकूल असर पर्नेगरी प्रहरी अतिरिक्त महानिरीक्षकको पद सृजना गर्ने विषय संविधान, कानुन, विधि र प्रक्रिया विपरीत भएकोले हाललाई उक्त प्रहरी अतिरिक्त महानिरीक्षकको पदको नियुक्ति कार्य कार्यान्वयन नगर्न गराउन नेपाल सरकार, गृह मन्त्रालय तथा प्रहरी प्रधान कार्यालयलाई निर्देशन दिने ।